# गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया

*युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६* को दफा १३ को उपदफा (६), (७), (८), (९), (१०) र (११) अनुसार गाउँपालिका र नगरपालिकामा करारमा प्राविधिक सहायक पदपूर्ति गर्न देहायका प्रक्रिया अपनाउनु पर्नेछः-

१) **पदपूर्ति समिति गठन गर्नेः**- प्राविधिक सहायकको छनौट तथा पदपूर्तिको लागि सिफारिस गर्न देहायबमोजिम पदपूर्ति समिति गठन गरिनेछः

(अ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(आ) सम्बन्धित स्थानीय तहले तोकेको विषय विज्ञ - सदस्य

(इ) सम्बन्धित स्थानीय तहको महाशाखा/शाखा प्रमुख - सदस्य सचिव

२) **योग्यता र अनुभवः** - प्राविधिक सहायकको न्यूनतम शैक्षिक योग्यता र अनुभव देहाय बमोजिम हुनेछः-

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको

(ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेरः- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

३) **दरखास्त आव्हानः —** (१) संलग्न परिशिष्ट १ बमोजिमको नमूना सूचना सम्बन्धित स्थानीय तहको सूचनापाटी , वेभसाइट, स्थानीय पत्रपत्रिका र कुनै एक राष्ट्रिय स्तरको दैनिक पत्रिका वा देशभरी प्रशारण हुने रेडियो, एफ.एम. मार्फत १५ दिनको समय सीमा तोकी दरखास्त आव्हान गरी परिशिष्ट २ वमोजिमको आवेदन ढाँचामा निवेदन लिई परिशिष्ट ३ बमोजिमको प्रवेश पत्र आवेदकलाई उपलब्ध गराइनेछ।



Scanned with CamScanner

४) **प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गर्नेः**- (१) माथिको दफा (१) बमोजिमको समितिले आवेदन दर्ता गर्ने तोकिएको म्याद समाप्त भएको मितिले दश दिन भित्रमा योग्य ठहरिएका आवेदकहरु मध्येबाट उपलब्ध भएमा १० जना र नभएमा उपलब्ध संख्याका उम्मेदवारको प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गर्नु पर्नेछ ।

तर प्राप्ताङ्क बराबर भएमा बराबर प्राप्ताङ्क भएका सबै उम्मेदवारहरुलाई समावेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशनका लागि दरखास्त दिने उम्मेदवारहरुको मूल्यांकन देहायका आधारमा गरिनेछः-

क) तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्राप्त लब्धांक प्रतिशत बापत ७० अंक,

ख) न्यूनतम भन्दा माथिल्लो शैक्षिक योग्यता बापत १० अंक,

ग) नेपाल सरकारद्वारा संचालित कार्यक्रम वा साबिकका स्थानीय निकाय वा हालका स्थानीय तहहरुमा तोकिए बमोजिमको प्राविधिक सहायक पदमा काम गरेको अनुभव बापत प्रति वर्ष २ अंकका दरले अधिकतम १० अंक।

घ) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको स्थायी वासिन्दा भएबापत १० अंक ।

(३) उपदफा (२) को खण्ड (क) बमोजिम न्यूनतम शैक्षिक योग्यताको लब्धांक प्रतिशत बापतको अंक निर्धारण देहाय अनुसारको सूत्रको प्रयोग गरी गरिनेछः

$$\frac{\text{न्यूनतम शैक्षिक योग्यताको प्राप्त लब्धांक प्रतिशत}}{१००} \times ७०$$

(४) उपदफा (२) को खण्ड (ख) बमोजिम माथिल्लो शैक्षिक योग्यताको लब्धांक प्रतिशत बापतको अंक निर्धारण देहाय अनुसारको सूत्रको प्रयोग गरी गरिनेछः

$$\frac{\text{माथिल्लो शैक्षिक योग्यताको प्राप्त लब्धांक प्रतिशत}}{१००} \times १०$$

(५) उपदफा (३) र (४) बमोजिम अंक निर्धारण गर्दा सी.जि.पी.ए. मा लब्धांक हुनेहरुको हकमा सम्बन्धित विश्वविधालयले निर्धारण गरेको प्रतिशतका आधारमा र सम्बन्धित विश्वविधालयले सी.जी.पी.ए. को प्रतिशत निर्धारण नगरेको भएमा त्रिभुवन विश्वविधालयको सी.जी.पी.ए. का लागि निर्धारण गरिएको प्रतिशतका आधारमा गर्नुपर्नेछ ।

(६) उपदफा (२) बमोजिमका योग्यता तथा अनुभवका प्रमाणपत्रका प्रतिलिपीहरु उम्मेदवार स्वमले हस्ताक्षर सहित प्रमाणित गरी परिशिष्ट २ बमोजिमको दरखास्तका साथ पेश गर्नु पर्नेछ ।



Scanned with CamScanner

(७) उपदफा (६) बमोजिम पेश गरिएका कुनै पनि प्रमाणपत्र झुट्ठा भएको पाइएमा थाहा हुनासाथ त्यस्तो उमेदवारलाई छनौटको प्रक्रियामा भए छनौट प्रक्रियाबाट निष्कासन गरेर र छनौट भई काममा खटिई सकेको भए करार रद्द गरेर कानून बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

(८) उपदफा (१) बमोजिमको प्रारम्भिक योग्यताक्रमको सूची सम्बन्धित स्थानीय तहको वेबसाइट र सूचनापाटी दुवैमा प्रकाशन गर्नुपर्नेछ । प्रारम्भिक योग्यताक्रमको सूचीमा समावेश भएका उम्मेदवारहरुलाई सोको जानकारी ईमेल,एस.एम.एस. वा टेलीफोन मार्फत गराउनु पर्नेछ ।

(९) प्रारम्भिक योग्यताक्रमको सूचीसँगै कम्प्युटर छनौट परीक्षाको मिति, समय र स्थान समेत तोकी सूचना प्रकाशन गर्नु पर्नेछ ।

५) **छनौट परीक्षाः** (१) प्रारम्भिक योग्यताक्रमको सूचीमा परेका उमेदवारहरु मध्येवाट प्राविधिक सहायक छनौट गर्न ५० पूर्णाङ्कको सेवा सम्बन्धी विषय र ५० पूर्णाङ्कको कम्प्युटर सम्वन्धी विषयको छुट्टा छुट्टै परीक्षा लिइनेछ ।

(२) उपदफा (१) बमोजिमको परीक्षामा सहभागी उमेद्धारले उत्तीर्ण हुन प्रत्येक विषयमा कम्तिमा ४० प्रतिशत अङ्क प्रापत गर्ने पर्नेछ ।

(३) उपदफा **(१)** बमोजिमको प्रत्येक विषयको परीक्षाको समय ३० मिनेटको हुनेछ ।

(४) छनौट परीक्षामा सहभागी उमेदवारले परिशिष्ट ३ बमोजिमको प्रवेशपत्र साथमा लिई आउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको परीक्षाको पाठ्यक्रम परिशिष्ट-४ बमोजिम हुनेछ ।

६) **अन्तिम योग्यताक्रमको सूची प्रकाशन गर्नेः** (१) पदपूर्ति समितिले छनौट परीक्षामा सहभागी उम्मेदवारले प्राप्त गरेको अंकका आधारमा उतीर्ण उम्मेदवारहरुको अन्तिम योग्यताक्रमको सूची कायम गरी प्रकाशन गर्नु पर्नेछ।

(२) प्राविधिक सहायक पदका लागि उपदफा (१) बमोजिम प्रकाशित सूचीबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरुलाई छनौट गर्नु पर्नेछ।

(३) छनौट परीक्षामा उम्मेदवारहरुले बराबर अंक प्राप्त गरेको अवस्थामा न्यूनतम शैक्षिक योग्यताको लब्धांकपत्रमा उल्लेखित लब्धांक प्रतिशतलाई आधार मानी अन्तिम योग्यताक्रम निर्धारण गर्नु पर्नेछ । लब्धांक प्रतिशत समेत बराबर रहेको अवस्थामा क्रमशः अनुभवको अवधि, माथिल्लो तहको शैक्षिक योग्यता, माथिल्लो तहको शैक्षिक योग्यतामा प्राप्त गरको अंक प्रतिशत र उमेरको जेष्टतालाई आधार मान्नु पर्नेछ ।

(४) अन्तिम योग्यताक्रमको सूचीबाट रिक्त पदका लागि उम्मेदवार छनौट गरिसकेपछि बाँकी रहेका सबै उम्मेदवारहरु वैकल्पिक सूचीमा रहनेछन्।



Scanned with CamScanner

७) **करार सम्झौता गरी काम काज गर्न खटाउनु पर्नेः** (१) सम्बन्धित स्थानीय तहले छनौट भएको उम्मेदवारलाई करारका शर्त र सुविधा समेत खुलाई परिशिष्ट-**५** बमोजिम करार सम्झौता गरी परिशिष्ट-६ बमोजिमको सेवा करार पत्र सहित प्राविधिक सहायकको पदमा रोजगार सेवा केन्द्रमा कामकाज गर्न खटाउनु पर्नेछ।

(२) स्थानीय तहले उपदफा (१) बमोजिम खटाइएको प्राविधिक सहायकको नाम, मोबाइल नम्बर र इमेल ठेगाना सहितको विवरण सात दिन भित्र मन्त्रालय र प्रदेशको रोजगारी सम्बन्धी विषय हेर्ने मन्त्रालयमा पठाउनु पर्नेछ।

८) **वैकल्पिक उम्मेदवारलाई खटाउनेः** (१) छनौट भएको उम्मेदवार छनौटको सुचना प्रकाशन भएको मितिले सात दिनभित्र करार सम्झौता गर्न नआएमा निजको सट्टामा वैकल्पिक सूचीको योग्यता क्रममा सबैभन्दा माथि रहेको उम्मेदवारसँग करार सम्झौता गरी कामकाज गर्न खटाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खटाइएको प्राविधिक सहायक खटाइएको मितिले सात दिन भित्र हाजिर भई सक्नुपर्नेछ। अन्यथा निजलाई योग्यताक्रमको सूचीबाट हटाई सो स्थानमा वैकल्पिक सूचीमा रहेका उम्मेदवारहरु मध्येबाट योग्यताक्रममा सबैभन्दा अगाडि हुने अर्को उम्मेदवारलाई दफा (७) बमोजिम काम काज गर्न खटाउनु पर्नेछ।

(३) प्राविधिक सहायकको पद एक वर्षभित्रमा रिक्त भएमा वैकल्पिक योग्यताक्रममा रहेकालाई कामकाजमा लगाउनु पर्नेछ ।

९) **कार्यसम्पादन सम्झौता र कार्यविवरणः** कामकाज गर्न खटिएको प्राविधिक सहायकलाई प्रमुख प्रशासकीय अधिकृतले परिशिष्ट ७ बमोजिम कार्यसम्पादन सम्झौता गर्ने तथा प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सम्बन्धमा प्राविधिक सहायकको जिम्मेवारीहरु देहाय बमोजिम हुने गरी कामकाजमा खटाउनु पर्नेछः -

१. रोजगार सेवा केन्द्र र रोजगार उपभोक्ता समूहबीच समन्वय गर्ने,
२. आयोजनामा भएको भौतिक प्रगति तथा लाभग्राहीले पाएको पारिश्रमिक विवरण तयार गर्ने ।
३. सार्वजनिक रोजगारी सिर्जनाका लागि स्थानीय तहलाई सहयोग गर्ने,
४. सार्वजनिक पूर्वाधार मार्फत रोजगारी सिर्जनाका लागि कार्यान्वयन गरिने आयोजनाको पूर्वसम्भाव्यता, सम्भाव्यता, डिजाइन, विस्तृत लागत अनुमान र कार्य सम्पन्न भएपछि अन्तिम मूल्यांकन गर्ने,
५. आयोजनाको प्राविधिक अनुगमन तथा सुपरीवेक्षण गरी तोकिएको गुणस्तर कायम गर्ने गराउने,
६. रोजगार आयोजना सञ्चालनका लागि श्रमिक तथा रोजगार उपभोक्ता समितिलाई रोजगार आयोजनाको प्राविधिक पक्षमा अभिमुखीकरण वा तालिम प्रदान गर्ने।



Scanned with CamScanner

७. रोजगार आयोजनाको व्यवस्थापन र कार्यान्वयनमा स्थानीय तहलाई सहयोग गर्न देहायका क्रियाकलाप गर्ने:

- लाभग्राही हाजिरी राख्न लगाउने ।
- ज्यालाको भुक्तानी बैङ्क मार्फत गर्न सहजीकरण गर्ने ।
- वार्षिक आर्थिक योजना र बजेट निर्माण प्रक्रिया, योजनाको समीक्षा, तथा रोजगारमूलक योजना छनौटमा सहयोग गर्ने ।
- आवश्यकता अनुसार रोजगार आयोजनाहरूको स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

८. कार्गत तालिमा तथा जीवन उपयोगी सीप विकास तालिमको योजना, सञ्चालन तथा व्यवस्थापन गर्न स्थानीय तहलाई सहयोग गर्न देहाय बमोजिमका जिम्मेवारी वहन गर्ने:

- कामको शिलशिलामा प्राप्त हुने तालिम र जीवन उपयोगी सीप विकास तालिमकर्तालाई कामदार/प्रशिक्षार्थीहरुको संख्या,तालिमस्थल/केन्द्रको छनौट र लाभग्राही/प्रशिक्षार्थीहरुलाई तालिमको मिति र स्थानको जानकारी उपलव्ध गराउने
- आयोजना व्यवस्थापन इकाई मार्फत सञ्चालन गरिएको तालिमको गुणस्तर तोकिएको मापदण्ड बमोजिम भएको सुनिश्चित गर्ने;
- रोजगार संयोजक र रोजगार सहायकसंग समन्वय गरेर प्रधानमन्त्री रोजगार कार्यक्रम-रोजगार व्यवस्थापन सूचना प्रणालीमा लाभग्राहीलाई दिएका कामको शिलशिलामा प्राप्त हुने तालिम र जीवन उपयोगी सीप विकास तालिमको जानकारी अद्यावधिक गर्ने।

९. रोजगार संयोजक र प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम आयोजनासँग सम्बन्धित अन्य कार्य गर्ने ।

१०. रोजगार आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहको आयोजनासँग सम्बन्धित प्रशासकीय, वित्तीय र संरक्षण सम्बन्धी क्रियाकलापमा सहायता प्रदन गर्न अर्को व्यवस्था नभएसम्म देहायका थप क्रियाकलाप गर्नेः-

- आयोजनासँग सम्बन्धित वातावरण तथा सामाजिक संरक्षणका क्रियाकलापहरु सञ्चालन भएको सुनिश्चित गर्ने ।

१०) **करार अवधिः-** प्राविधिक सहायकको करार अवधि एक बर्षको हुनेछ । निजको कार्यसम्पादन मूल्यांकनका आधारमा प्रत्येक आर्थिक बर्षमा अवधि तोकी सेवा करार नवीकरण हुन सक्नेछ ।

११) **तलब भत्ता-** (१) प्राविधिक सहायकले स्थानीय स्थानीय सेवाको सोही सरहको पदले पाउने सुरु तलव स्केल बराबरको तलब, स्थानीय भत्ता, पोशाक भत्ता र चाडपर्व खर्च पाउनेछ ।

(२) उपदफा (१) बमोजिम बमोजिम प्राविधिक सहायकको तलब, भत्ता तथा अन्य सुविधा बापतको रकम नेपाल सरकारले सम्बन्धित स्थानीय तहलाई सशर्त अनुदानका रुपमा उपलब्ध गराउनेछ ।



Scanned with CamScanner

(३) सम्बन्धित स्थानीय तहले प्राविधिक सहायकलाई आफ्नै स्रोतबाट व्यहोर्ने गरी उपदफा (१) बाहेकका थप सुविधाहरु प्रदान गर्न सक्नेछ ।

**१२) बिदाः** (१) प्राविधिक सहायकले देहाय बमोजिम बिदाहरु पाउनेछः

(क) घर बिदाः रुजु हाजिरीको आधारमा छब्बीस दिन काम गरे वापत एक दिन ।

(ख) घर बिदाः रुजु हाजिरीको आधारमा छब्बीस दिन काम गरे वापत एक दिन ।

(ग) प्रसुति बिदाः सुत्केरी हुनुभन्दा अघि र पछि गरेर जम्मा अन्ठनब्बे दिन (महिला प्राविधिक सहायकको हकमा मात्र) ।

(घ) किरिया बिदाः आफ्नो रित र परम्परा अनुसार बढीमा पन्ध्र दिन ।

(२) उपदफा (१) बमोजिमका कुनै पनि किसिमका बिदाहरु संचित गरे वापत कुनै सुविधा पाइने छैन ।

(३) प्रसुति बिदा पाउनु कम्तिमा ६ महिना सेवा गरेको हुनु पर्नेछ ।

(४) एक आर्थिक वर्षको बिदा सोही आर्थिक वर्षभित्रमा उपभोग गरिसक्नु पर्नेछ ।

**१३) बिदाको स्वीकृतिः-** प्राविधिक सहायकको बिदाको स्वीकृती रोजगार संयोजकको सिफारिसमा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

**१४) कार्यसम्पादन मूल्यांकनः-** (१) प्राविधिक सहायकको कार्यसम्पादन मूल्यांकन रोजगार संयोजकले सुपरीवेक्षकको रुपमा ६० प्रतिशत र अन्तिम मूल्यांकनकर्ताको रुपमा प्रमुख प्रशासकीय अधिकृतले ४० प्रतिशत अंकभार कायम गरी परिशिष्ट-८ बमोजिम अर्ध बार्षिक र बार्षिक रुपमा गर्नु पर्नेछ ।

(२) कार्यसम्पादन मूल्यांकनमा साठी प्रतिशत भन्दा कम अंक प्राप्त गर्ने प्राविधिक सहायकलाई प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखबाट निर्णय गराई निजसँगको करार अन्त्य गरी सेवाबाट हटाउन सक्नेछ ।तर यसरी सेवाबाट हटाउनु पूर्व निजलाई सफाईको मौका दिनु पर्नेछ ।

(३) प्राविधिक सहायकले मन्त्रालयले दिएको जिम्मेवारी समयमै, इमानदारीपूर्वक, प्रभावकारी ढंगले निर्वाह नगरेमा मंत्रालयले सम्बन्धित स्थानीय तहलाई निजसँगको करार अन्त्य गरी निजलाई सेवाबाट हटाउन निर्देशन दिन सक्नेछ ।यस्तो निर्देशनको आधारमा स्थानीय तहले प्राविधिक सहायकलाई सेवाबाट हटाउनु पर्नेछ ।

(४) स्थानीय तहले प्राविधिक सहायकलाई सेवाबाट हटाइएको कारण सहितको लिखित जानकारी मन्त्रालय र प्रदेशको रोजगारी सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सात दिन भित्र दिनु पर्नेछ ।

**१५) प्रचलित कानून बमोजिम हुनेः-** यसमा उल्लेख भएका विषय बाहेक अन्य प्रक्रिया प्रचलित कानून बमोजिम हुनेछ ।



Scanned with CamScanner

परिशिष्ट-१
(दफा-३ सँग सम्बन्धित)

पदपूर्ति सूचनाको नमूना

.........पालिका.............
.....     .....कार्यपालिकाको कार्यालय.
................, जिल्ला

# प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः- २०७७-०४-....)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स.------ च.न.____को मिति _____को पत्रानुसार यस ------ पालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ............... | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको

(ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेरः- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

२. दरखास्त दिने स्थानः- ................ गाउँ/नगरकार्पालिकाको कार्यालय

३. दरखास्त दिने अन्तिम मितिः-



Scanned with CamScanner

४. आवेदनको दस्तुरः- रु. ....................

५. छनौटको किसिमः- प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजतको प्रतिलिपिहरु

- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७) सेवा सुविधाः -*गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया* को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

८) पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः -*गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया* को दफा (९) बमोजिम हुनेछ ।

नोटः- आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।

*पुनश्चः- राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गर्दा सूचना संक्षिप्त रुपमा प्रकाशन गर्न सकिनेछ ।*



Scanned with CamScanner

परिशिष्ट-२

(दफा-३ सँग सम्बन्धित)

आवेदनको ढाँचा

| |
|---|
| पासपोर्ट साईजको फोटो |

| |
|---|
| **कार्यालय प्रयोजनको लागि** |
| परिक्षार्थीको रोल नं. : |

| **उम्मेदवारले दरखास्त फाराम भरेको पद सम्बन्धी विवरण** | |
|---|---|
| पद : | तह : |

<table>
<tr><th colspan="6">आवेदकको व्यक्तिगत विवरण</th></tr>
<tr><td colspan="5">नाम थर :</td><td>लिङ्ग :</td></tr>
<tr><td colspan="2">नागरिकता नं. :</td><td colspan="3">जारी गर्ने जिल्ला :</td><td>जारी मिति :</td></tr>
<tr><td rowspan="2">स्थायी ठेगाना</td><td>(क) प्रदेशको नाम :</td><td rowspan="2">(ख) जिल्ला :</td><td colspan="3" rowspan="2">(ग) स्थानीय तहको नाम :</td></tr>
<tr><td>(घ) वडा नं. :</td></tr>
<tr><td colspan="2">पत्राचार गर्ने ठेगाना :</td><td colspan="2">सम्पर्क नं :</td><td colspan="2">ईमेल :</td></tr>
<tr><td colspan="3">बाबुको नाम, थर :</td><td colspan="3">आमाको नाम, थर :</td></tr>
<tr><td colspan="3">बाजेको नाम, थर :</td><td colspan="3">पति/पत्नीको नाम, थर :</td></tr>
<tr><td>जन्म मिति</td><td>(वि.सं.मा)</td><td colspan="2">(ईस्वी सन्मा)</td><td colspan="2">दरखास्त दिने मितिमा आवेदकको उमेर (वर्ष तथा महिनामा) :</td></tr>
</table>

| **शैक्षिक योग्यता सम्बन्धी विवरण एस एल सी देखि माथि** | | | |
|---|---|---|---|
| योग्यता | विद्यालय/विश्वविद्यालय | उत्तीर्ण गरेको साल | प्राप्तांक प्रतिशत/सी.जी.पी.ए. |
| | | | |
| | | | |
| | | | |
| | | | |



Scanned with CamScanner

| अन्य विवरण | | |
|---|---|---|
| रक्त समूह : | | |
| आपतकालीन सम्पर्क | नाम : | ठेगाना : |
| | नाता : | सम्पर्क नं. : |

उपरोक्त बमोजिमको विवरण साँचो हो, झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला ।

| दायाँ | बायाँ |
|---|---|
| | |

हस्ताक्षर



Scanned with CamScanner

परिशिष्ट-३

(दफा-३ सँग सम्बन्धित)

प्रवेशपत्रको ढाँचा

......................गाउँपालिका/नगरपालिका

.......गाउँ/नगर कार्यपालिकाको कार्यालय

जिल्ला : ..........................................

प्रदेश : ..........................................., नेपाल

# प्रवेशपत्र

पासपोर्ट साईजको फोटो

**परिक्षार्थीले भर्ने**

(क) नाम, थर :

(ख) पद :

(ग) तह :

(घ) उम्मेदवारको दस्तखत नमूना :

**गाउँ/नगर कार्यपालिकाको कार्यालयले भर्ने**

यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

रोल नम्बर :

...................................................... ......................................................

(कर्मचारीको दस्तखत) (कार्यालयको छाप)



Scanned with CamScanner

परिशिष्टः-४

(दफा-५(५) सँग सम्बन्धित)

प्राविधिक सहायकको पाठ्यक्रम

**(क) सेवा सम्बन्धी**

खण्ड-१:- प्रशासनिक कार्य सम्बन्धी

१. रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र रोजगारीको हकसम्बन्धी नियमावली, २०७५,
२. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५, कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०७६ र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यबिधि, २०७६,
३. कामका लागि पारिश्रमिक (Cash for Work) को अवधारणा,
४. स्थानीय तहको बजेट तर्जुमा प्रकृया, खर्च व्यवस्थापन र लेखा परीक्षण तथा गुनासो व्यवस्थापन,
५. सामाजिक परिचालन, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण तथा गुनासो व्यवस्थापन, र
६. आचरण तथा अनुशासन र सुशासन।

खण्ड-२:- प्राविधिक कार्य सम्बन्धी

- स्थानीय सेवाको इन्जिनियरिङ् सेवा, सिभिल समूह पाँचौ तह सब-इन्जिनियर पदको लोकसेवा आयोगले निर्धारण गरेको देहाय बमोजिमको पाठ्यक्रमका विषयवस्तुहरुः

**1. Surveying**

1.1 General
- 1.1.1 Principle and types of surveying
- 1.1.2 Units, scales and maps
- 1.1.3 Field books and Level books

1.2 Levelling
- 1.2.1 Principles and methods of levelling
- 1.2.2 Levelling instruments and accessories

1.3 Plane Tabling
- 1.3.1 Equipments required
- 1.3.2 Methods of plane tabling
- 1.3.3 Two and three point problems



Scanned with CamScanner

1.4 Theodolite and Traverse surveying

1.4.1 Basic difference between different theodolites

1.4.2 Temporary adjustments of theodolites

1.4.3 Fundamental lines and desired relations

1.4.4 Tacheometry: stadia method

1.4.5 Trigonometrical levelling

1.4.6 Checks in closed traverse

1.5 Contouring

1.5.1 Characteristics of contour lines

1.5.2 Method of locating contours

1.5.3 Contour plotting

1.6 Setting Out: Small buildings and Simple curves

**2. Construction Materials**

2.1 Stone

2.1.1 Formation and availability of stones in Nepal

2.1.2 Methods of laying and construction with various stones 2.2 Cement

2.2.1 Different cements: Ingredients, properties and manufacture

2.2.2 Storage and transport

2.2.3 Admixtures

2.3 Clay and Clay Products

2.3.1 Brick: type, manufacture, laying, bonds

2.4 Paints and Varnishes: Type and selection; preparation techniques and use

2.5 Bitumen: Type, selection and use

**3. Mechanics of Materials and Structures**

3.1 Mechanics of Materials

3.1.1 Internal effects of loading

3.1.2 Ultimate strength and working stress of materials

3.2 Mechanics of Beams

3.2.1 Relation between shear force and bending moment

3.2.2 Shear and bending moment diagrams for statically determinate beams under various types of loading

3.3 Simple Strut Theory



Scanned with CamScanner

**4. Hydraulics**

4.1 General

4.1.1 Properties of fluid: mass, weight, specific weight, density, specific volume, specific gravity, viscosity

4.1.2 Pressure and Pascal's law

4.2 Hydro-Kinematics and Hydro-Dynamics

4.2.1 Energy of flowing liquid: elevation energy, Kinetic energy, potential energy, internal energy

4.3 Measurement of Discharge

4.3.1 Weirs and notches

4.3.2 Discharge formulas

4.4 Flows: Characteristics of pipe flow and open channel flow

**5. Soil Mechanics** 5.1 General

5.1.1 Soil types and classification

5.1.2 Three phase system of soil

5.1.3 Unit Weight of soil mass: bulk density, saturated density, submerged density and dry density

5.1.4 Interrelationship between specific gravity, void ratio, porosity, degree of saturation, percentage of air voids air content and density index

5.2 Soil Water Relation

5.2.1 Terzaghi's principle of effective stress

5.2.2 Darcy's law

5.2.3 Factors affecting permeability

5.3 Compaction of soil

5.3.1 Factors affecting soil compaction

5.3.2 Optimum moisture content

5.3.3 Relation between dry density and moisture content

5.4 Shear Strength of Soils

5.4.1 Mohr-Coulomb failure theory

5.4.2 Cohesion and angle of internal friction



Scanned with CamScanner

5.5 Earth Pressures

5.5.1 Active and passive earth pressures

5.5.2 Lateral earth pressure theory

5.5.3 Rankine's earth pressure theory

5.6 Foundation Engineering

5.6.1 Terzaghi's general bearing capacity formulas and their application

**6. Structures**

6.1 R.C. Sections in Bending

6.1.1 Under reinforced, over reinforced and balanced sections

6.1.2 Analysis of single and double reinforced rectangular sections 6.2 Shear and Bond for R.C. Sections

6.2.1 Shear resistance of a R.C. section

6.2.2 Types of Shear reinforcement and their design

6.2.3 Determination of anchorage length

6.3 Design and Working System of R.C. Structures

6.4.1 Singly and doubly reinforced rectangular beams

6.4.2 Simple one-way and two-way slabs

6.4.3 Axially loaded short and long columns

**7. Building Construction Technology**

7.1 Foundations

7.1.1 Subsoil exploration

7.1.2 Type and suitability of different foundations: Shallow, deep

7.1.3 Shoring and dewatering

7.1.4 Design of simple brick or stone masonry foundations 7.2 Walls

7.2.1 Type and thickness of walls

7.2.2 Use of scaffolding

7.3 Damp Proofing

7.3.1 Source of Dampness

7.3.2 Remedial measures for damp proofing

7.4 Concrete Technology

7.4.1 Constituents of cement concrete

7.4.2 Grading of aggregates



Scanned with CamScanner

7.4.3 Concrete mixes

7.4.4 Water cement ratio

7.4.5 Factors affecting strength of concrete

7.4.6 Form work

7.4.7 Curing

7.5 Wood work

7.5.1 Frame and shutters of door and window

7.5.2 Timber construction of upper floors

7.5.3 Design and construction of stairs

7.6 Flooring and Finishing

7.6.1 Floor finishes: brick, concrete, flagstone

7.6.2 Plastering

**8. Water Supply and Sanitation Engineering**

8.1 General

8.1.1 Objectives of water supply system

8.1.2 Source of water and its selection: gravity and artisan springs, shallow and deep wells; infiltration galleries

8.2 Gravity Water Supply System

8.2.1 Design period

8.2.2 Determination of daily water demand

8.2.3 Determination of storage tank capacity

8.2.4 Selection of pipe

8.2.5 Pipe line design and hydraulic grade line

8.3 Design of Sewer

8.3.1 Quantity of sanitary sewage

8.3.2 Maximum, Minimum and self cleaning velocity

8.4 Excreta Disposal and Unsewered Area

8.4.1 Pit latrine

8.4.2 Design of septic tank



Scanned with CamScanner

**9 . Irrigation Engineering**

9.1 General

9.1.1 Need for irrigation; advantages of irrigation

9.1.2 Sources of irrigation: water, river & streams, ground water and others

9.1.3 Methods of irrigation: surface, sub-surface and others

9.2 Irrigation Water Requirement

9.2.1 Crop season, principal crops, and crop water requirements

9.2.2 Base period & duty

9.3 Irrigation Canals

9.3.1 Canal losses and their minimization

9.3.2 Irrigation requirements and design discharge of canal permissible velocities for different canals

9.3.3 Design of canal based on Manning's & Lacey's formulae

9.3.4 Need and location of escapes

9.3.5 Components of distribution system

**10. Highway Engineering**

10.1 General

10.1.1 Introduction to transportation systems

10.1.2 Historic development of roads

10.1.3 Classification of road in Nepal

10.1.4 Basic requirements of road alignment

10.2 Geometric Design

10.2.1 Basic design control and criteria for design

10.2.2 Elements of cross section, typical cross-section for all roads in filling and cutting

10.2.3 Camber

10.2.4 Determination of radius of horizontal curves

10.2.5 Superlevation

10.2.6 Sight distances

10.2.7 Gradient

10.2.8 Use of Nepal Road Standardand subsequent revision in road design



Scanned with CamScanner

10.3 Drainage System

10.3.1 Importance of drainage system and requirements of a good drainage system

10.4 Road Pavement: Pavement structure and its components: subgrade, sub-base, base and surface courses

10.5 Road Machineries

10.5.1 Earth moving and compacting machines

10.6 Road Construction Technology

10.7 Bridge: T-beam bride and Timber bridges

10.8 Road Maintenance and Repair: Type of maintenance works

10.9 Tracks and Trails

10.10 **Airport Engineering:** Planning and layout of Heliports; Terminal Building and Control Tower; Drainage System for Airports

**11. Estimating and Costing**

11.1 General

11.1.1 Main items of work

11.1.2 Units of measurement and payment of various items of work and material

11.1.3 Standard estimate formats of government offices

11.2 Rate Analysis

11.2.1 Basic general knowledge on the use of rate analysis norms prepared by Ministry of Works and Transport and the district rates prescribed by district development committee

11.3 Specifications

11.3.1 Interpretation of specifications

11.4 Valuation

11.4.1 Methods of valuation

11.4.2 Basic general knowledge of standard formats used by commercial banks and NIDC for valuation

**12. Construction Management**

12.1 Organization

12.1.1 Need for organization

12.1.2 Responsibilities of a civil Sub- engineer

12.1.3 Relation between Owner, Contractor and Engineer



Scanned with CamScanner

12.2 Site Management
- 12.2.1 Preparation of site plan
- 12.2.2 Organizing labor
- 12.2.3 Measures to improve labor efficiency
- 12.2.4 Accident prevention

12.3 Procurement and Contract Procedure
- 12.3.1 Contracts and its types
- 12.3.2 Departmental works and day-work
- 12.3.3 Preparation of tender document
- 12.3.4 Tender procedure
- 12.3.5 Contract agreement
- 12.3.6 Conditions of contract
- 12.3.7 Construction supervision

12.4 Accounts
- 12.4.1 Administrative approval and technical sanction
- 12.4.2 Familiarity with standard account keeping formats used in governmental organizations
- 12.4.3 Muster roll
- 12.4.4 Completion report

12.5 Planning and Control
- 12.5.1 Construction schedule
- 12.5.2 Equipment and materials schedule
- 12.5.3 Construction stages and operations
- 12.5.4 Bar chart

**(ख) कम्प्युटर सम्बन्धी**

1. Computer fundamental
2. Operating System
3. Word processing
4. Electronic spreadsheet
5. Database management system
6. Presentation system



Scanned with CamScanner

# परिशिष्ट-५

## (दफा-७(१) सँग सम्बन्धित)

## करार सम्झौता

...................................................... गाउँ/नगर कार्यपालिकाको कार्यालय (यसपछि पहिलो पक्ष भनिएको) र ...........................जिल्ला,......................................गाउँपालिका/नगरपालिका, वडा नं. ..... मा बस्ने श्री ......................................................(यसपछि दोश्रो पक्ष भनिएको) का बीच .............................. गाउँपालिका/नगरपालिकाको *युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना* अन्तर्गत प्राविधिक सहायकको कामकाज गर्न गराउन मिति .............................. को निर्णय अनुसार देहायका कार्य/शर्तको अधीनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं :

१. **कामकाज सम्बन्धमा** : दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकता अनुसार पहिलो पक्षले तोकेको थप काम गर्नु पर्नेछ ।

२. **काम गर्नु पर्ने स्थान :** ..........................................................................................।

३. **पारिश्रमिक :** *गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया* को दफा (११) बमोजिम हुनेछ ।

४. **आचरणको पालना :** दोश्रो पक्षले प्रचलित कानूनमा व्यवस्था भए बमोजिम कर्मचारीले पालना गर्नुपर्ने आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. **बिदा :** दोस्रो पक्षलाई सार्वजनिक बिदा र *गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया* को दफा (१२) ले व्यवस्था गरेका बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ ।

६. **कार्यालय सम्पत्तिको सुरक्षा :** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सोको क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. **गोप्यता:** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. **करार अवधि :** यो करार मिति ................................ देखि लागु भई बढीमा मिति ................................ सम्मको लागि हुनेछ ।

९. **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य** : दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन । दोश्रो पक्षले शारीरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसँगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्तिसँग नियमानुसार सेवा करारमा राखी काम लगाउन बाधा पर्ने छैन ।



Scanned with CamScanner

१०. **दाबी नलाग्ने :** दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्त हुनाका लागि दाबी गर्न पाउने छैन/गर्ने छैन ।

११. **प्रचलित कानून लागू हुने** : यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| **सम्बन्धित स्थानीय तहको तर्फबाट :** | **दोस्रो पक्ष (करार गर्ने व्यक्ति):** |
|---|---|
| हस्ताक्षर:<br><br>प्रमुख प्रशासकीय अधिकृतको नाम :<br>पद:<br>कार्यालयको छाप:<br>मिति: | हस्ताक्षर:<br><br>नाम:<br>पद: प्राविधिक सहायक (पाँचौ तह सरह)<br>उम्मेदवारको ठेगाना:<br>मिति: |



Scanned with CamScanner

परिशिष्ट-६

(दफा-७(१) सँग सम्बन्धित)

सेवा करार पत्र

(गाउँपालिका/नगरपालिकाको लेटर प्याड)

**मिति : ..........................**

**श्री ..............................**
**..........................................................**
**................................................... ।**

**विषय : सेवा करार सम्बन्धमा ।**

*गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया*को दफा (७) बमोजिम यस गाउँ/नगर कार्यपालिकाको मिति .......................... को निर्णयानुसार तपाईलाई मिति .......................... देखि लागू हुने गरी एक वर्षका लागि सेवा करारमा ........................................ गाउँपालिका/नगरपालिकाको प्राविधिक सहायक (पाँचौ तह सरह) को रुपमा कामकाज गर्ने गरी तोकिएको छ ।

*रोजगारीको हक सम्बन्धी ऐन, २०७५, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६* का व्यवस्था अन्तर्गत रही *गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया*को दफा (९) बमोजिम संलग्न कार्य विवरण अनुरुप आफ्ना जिम्मेवारीहरु अनुशासित, निष्पक्ष, इमान्दार र उत्तरदायी भई प्रचलित कानून बमोजिम कुशलतापूर्वक सम्पन्न गर्नुहोला ।

प्राविधिक सहायकको रुपमा जिम्मेवारी पाउनु भएकोमा बधाई छ ।

.........................................
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**
**श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,**
**सिंहदरबार, काठमाडौं ।**

**श्री सामाजिक विकास मन्त्रालय,**
**प्रदेशः . ........................................ ।**



Scanned with CamScanner

परिशिष्ट-७

(दफा-९ सँग सम्बन्धित)

# कार्यसम्पादन सम्झौता

..............................................गाउँपालिका/नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री ............... (यसपछि प्रथम पक्ष भनिने) र .............................................गाउँपालिका/नगरपालिका स्थित रोजगार सेवा केन्द्रका प्राविधिक सहायक श्री ................ (यसपछि दोस्रो पक्ष भनिने) बीच भएको

## कार्यसम्पादन सम्झौता

*रोजगारीको हक सम्बन्धी ऐन, २०७५, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ तथा गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाले* परिलक्षित गरे बमोजिम प्राविधिक सहायकको भूमिकालाई अझ वढी सक्षम, सदृढ, सेवामुलक र उत्तरदायी वनाई रोजगार सेवा केन्द्रको परिणाममुखी व्यवस्थापन र संचालन गर्न समग्र सेवा प्रवाहलाई सुधार गर्दै नतिजामा आवद्ध गर्न यस गाउँ/नगर कार्यपालिकाको मिति .................................... चलानी नं. ........ को पत्रका आधारमा देहायका शर्तहरुको अधीनमा प्रथम पक्षले काममा लगाउन र दोस्रो पक्ष कार्यसम्पादन गर्न मन्जुर भएकाले यो कार्य सम्पादन संझौता गरी एक/एक प्रति आपसमा बुझी लियौं दियौं ।

तपसिल

**कार्य सम्पादन सम्झौताका शर्तहरुः**

१. दोस्रो पक्षले गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (९) मा तोकिए बमोजिमका कार्यहरु र प्रथम पक्षले उपलब्ध गराएको कार्यविवरणमा उल्लेखित कार्यहरु सम्पादन गर्नु पर्नेछ ।

२. दोस्रो पक्षले शर्तको बुँदा नं. १ बमोजिमका कार्यहरु सम्पादन गर्दा नीतिगत र सारभूत विषयहरुको हकमा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाबाट आवश्यक निर्णय गराई गर्नु पर्नेछ ।

३. यो सम्झौता गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (१४) मा व्यवस्था भएको अवधिसम्म कायम रहनेछ ।

४. दोस्रो पक्षले यो सम्झौता भएको मितिले १५ दिनभित्र शर्तको बुँदा नं. १ बमोजिम तोकिएका कार्यहरुका आधारमा चौमासिक कार्ययोजना बनाई स्वीकृतिका लागि प्रथम पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

५. दोस्रो पक्षको कार्यसम्पादनको मूल्यांकन प्रथम पक्षबाट चौमासिक रुपमा हुनेछ । मूल्यांकन सम्बन्धी अन्य व्यवस्था गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (१४) बमोजिम हुनेछ ।



Scanned with CamScanner

६. दोस्रो पक्षका सेवाका शर्त, सुविधा तथा अन्य व्यवस्थाहरु *रोजगारीको हक सम्बन्धी नियमावली, २०७५,प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ र गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया* बमोजिम हुनेछ ।

७. दोस्रो पक्षले प्रचलित कानून विपरीत नहुने गरी कार्यसम्पादन गर्नु पर्नेछ ।

मिति :

यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| ................................... | ................................... |
| (नाम-**...................................**) | (नाम-**...................................**) |
| (पद **-** प्रमुख प्रशासकीय अधिकृत) | (पद **-** प्राविधिक सहायक) |
| **.......**गाउँ कार्यपालिका/नगर कार्यपालिकाको कार्यालय | **..........**गाउँपालिका/नगरपालिका |



Scanned with CamScanner

परिशिष्टः-८

(दफा-१४ सँग सम्बन्धित)

## कार्यसम्पादन मूल्यांकन

प्राविधिक सहायकको अर्ध बार्षिक र बार्षिक कार्यसम्पादन मूल्याङ्कन फाराम
मूल्यांकनको अवधि : ................................ देखि .....................सम्म

विवरण पेश गरेको कार्यालयः .................... गाउँ कार्यपालिका/नगर कार्यपालिका दर्ता नं.: मिति :
प्राविधिक सहायकको नामः
नियुक्ती मितिः
प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरेको मितिः

| प्राविधिक सहायकले भर्ने | | | | | |
|---|---|---|---|---|---|
| कार्य विवरण र बार्षिक कार्यक्रम बमोजिमका कार्यहरु | | अर्ध बार्षिक/ बार्षिक लक्ष्य | सम्पादित कार्यको प्रगति | लक्ष्य अनुसार कार्य सम्पन्न हुन नसकेका भए सो को कारण | कैफियत |
| (क) | सार्वजनिक रोजगार सिर्जनाका लागि रोजगार सेवा केन्द्र र रोजगार उपभोक्ता समूह बीच समन्वय गर्ने | | | | |
| (ख) | हाजिरी तथा आयोजनामा भएको भौतिक प्रगति अनुसारको लाभग्राहीको पारिश्रमिक विवरण तयार गर्ने | | | | |
| (ग) | सार्वजनिक रोजगारी सिर्जनाका लागि स्थानीय तहलाई सहयोग गर्ने | | | | |
| (घ) | सार्वजनिक पूर्वाधार मार्फत रोजगारी सिर्जनाका लागि पूर्वसम्भाव्यता, सम्भाव्यता, डिजाइन, विस्तृत लागत अनुमान र अन्तिम मूल्यांकन गर्ने | | | | |
| (ङ) | आयोजनाको प्राविधिक अनुगमन तथा सुपरीवेक्षण गरी तोकिएको गुणस्तर कायम गर्ने | | | | |
| (च) | रोजगार आयोजना सञ्चालनका लागि श्रमिक तथा रोजगार उपभोक्ता समितिलाई रोजगार आयोजनाको प्राविधिक पक्षमा अभिमुखिकरण प्रदान गर्ने | | | | |
| (छ) | लाभग्राही हाजिरी राख्न लगाउने र ज्यालाको भुक्तानी बैङ्क मार्फत गर्न सहजिकरण गर्ने | | | | |
| (ज) | वार्षिक आर्थिक योजना र बजेट निर्माण प्रक्रिया, योजनाको समीक्षा, तथा रोजगारमूलक योजना छनौटमा सहयोग गर्ने | | | | |
| (झ) | आवश्यकता अनुसार रोजगार आयोजनाहरूको स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्ने | | | | |



Scanned with CamScanner

| प्राविधिक सहायकले भर्ने | | | | | |
|---|---|---|---|---|---|
| कार्य विवरण र बार्षिक कार्यक्रम बमोजिमका कार्यहरु | | अर्ध बार्षिक/ बार्षिक लक्ष्य | सम्पादित कार्यको प्रगति | लक्ष्य अनुसार कार्य सम्पन्न हुन नसकेका भए सो को कारण | कैफियत |
| (ञ) | कामको शिलशिलामा प्राप्त हुने तालिम र जीवन उपयोगी सीप विकास तालिमकर्तालाई कामदार/प्रशिक्षार्थीहरुकोसंख्या,तालिमस्थल/केन्द्रको छनौट र लाभग्राही/प्रशिक्षार्थीहरुलाई तालिमको मिति र स्थानको जानकारी उपलब्ध गराउने | | | | |
| (ट) | आयोजना व्यवस्थापन इकाई मार्फत सञ्चालन गरिएको तालिमको गुणस्तर तोकिएको मापदण्ड बमोजिम भएको सुनिश्चित गर्ने | | | | |
| (ठ) | रोजगार संयोजक र रोजगार सहायकसंग समन्वय गरेर प्रधानमन्त्री रोजगार कार्यक्रम — रोजगार व्यवस्थापन सूचना प्रणालीमा लाभग्राहीलाई दिएका कामको शिलशिलामा प्राप्त हुने तालिम र जीवन उपयोगी सीप विकास तालिमको जानकारी अद्यावधिक गर्ने। | | | | |
| (ड) | प्रधानमन्त्री रोजगार कार्यक्रम र आयोजनाको कार्यान्वयनका लागि आवश्यकता अनुसार वस्तु तथा सेवाको खरिद गर्ने | | | | |
| (ढ) | आयोजनाको संरक्षणका क्रियाकलापहरु भएको सुनिश्चित गर्ने | | | | |
| आफ्नै पहलमा गरेका अन्य कार्यहरु | | | | | |
| (क) | | | | | |
| (ख) | | | | | |

प्राविधिक सहायकको दस्तखत : ........................ मिति :

रोजगार संयोजकले भर्ने

| | | | | |
|---|---|---|---|---|
| कुल प्राप्तांक | अंकमा | | अक्षरमा | |
| मूल्यांकनको अवधि | | | | |

रोजगार संयोजकको नाम : मिति :

पद/श्रेणी ::

दस्तखत :

प्रमुख प्रशासकीय अधिकृतले भर्ने

| | | | | |
|---|---|---|---|---|
| कुल प्राप्तांक | अंकमा | | अक्षरमा | |
| मूल्यांकनको अवधि | | | | |

प्रमुख प्रशासकीय अधिकृतको नाम : मिति :

पद/श्रेणी :

कर्मचारी संकेत नं :

दस्तखत :



Scanned with CamScanner